नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं

# मुख्य विज्ञ (Team Leader) तथा विषयगत विज्ञहरूको रोष्टर तयार गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०८३/०५/१०

वैदेशिक रोजगार बोर्डको सचिवालयबाट सञ्चालन हुने पूर्वप्रस्थान अभिमुखीकरण तालिम (PDOT) तथा प्रशिक्षक प्रशिक्षण तालिम (TOT) लाई समयानुकूल, प्रभावकारी तथा व्यवहारिक बनाउन PDOT पाठ्यक्रम, TOT पाठ्यक्रम तथा प्रशिक्षण पुस्तिका (Training Manual) तयार/परिमार्जन गर्नुपर्ने भएकोले देहायका क्षेत्रमा विशेषज्ञता तथा अनुभव भएका योग्य नेपाली नागरिकहरूको मुख्य विज्ञ (Team Leader) तथा विषयगत विज्ञहरूको रोष्टर तयार गर्न यो सूचना प्रकाशित गरिएको छ।

**रोष्टरमा समावेश गरिने विज्ञ**

| क्र.सं. | विज्ञको क्षेत्र | संख्या |
|---|---|---|
| १. | मुख्य पाठ्यक्रम विकास विज्ञ (Team Leader) | १ |
| २. | विषय विज्ञ | ४ |
| जम्मा | | ५ जना |

**न्यूनतम योग्यता तथा अनुभव**

**मुख्य विज्ञ (Team Leader):** सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण, पाठ्यक्रम/प्रशिक्षण सामग्री विकास वा प्रशिक्षक प्रशिक्षण क्षेत्रमा कम्तीमा १० देखि १५ वर्षको अनुभवका साथै टोली नेतृत्व/समन्वयसम्बन्धी अनुभव भएको।

**विषयगत विज्ञः** स्नातकोत्तर तह उत्तीर्ण गरी वैदेशिक रोजगार, श्रम कानून तथा श्रम स्वीकृति, पाठ्यक्रम विकास, वयस्क शिक्षा तथा प्रशिक्षक प्रशिक्षण, म्यादी जीवन बीमा, सामाजिक सुरक्षा कोष तथा कल्याणकारी सेवा, डिजिटल साक्षरता, सामाजिक सञ्जाल तथा अनलाइन सेवा, वित्तीय साक्षरता, स्वास्थ्य तथा मनोसामाजिक परामर्श, सडक सुरक्षासम्वन्धी क्षेत्रमा कम्तीमा ५ देखि १० वर्षको अनुभव भएको। पाठ्यक्रम, Training Manual, प्रशिक्षण सामग्री निर्माण तथा प्रशिक्षण/परामर्शसम्बन्धी अनुभव भएकालाई प्राथमिकता दिइनेछ।

**पेश गर्नुपर्ने कागजात**

इच्छुक उम्मेदवारले निवेदन, अद्यावधिक CV, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्र तथा सम्बन्धित कार्यअनुभव खुल्ने प्रमाणपत्र/कागजातहरू पेश गर्नुपर्नेछ। मुख्य विज्ञको हकमा टोली नेतृत्व/समन्वयसम्बन्धी अनुभवसमेत खुलाउनुपर्नेछ।

**आवेदन तथा छनोटसम्बन्धी व्यवस्था**

यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र वैदेशिक रोजगार बोर्डको सचिवालय, काठमाडौंमा आवेदन पेश गर्नुपर्नेछ। प्राप्त आवेदनमध्ये योग्यता तथा अनुभवका आधारमा रोष्टर तयार गरिनेछ। आवश्यकतानुसार Short-listing, प्रस्तुतीकरण वा अन्तर्वार्ता लिन सकिनेछ।

साथै, रोष्टरमा समावेश हुँदैमा अनिवार्य रूपमा कार्यादेश वा परामर्श सम्झौता प्राप्त हुने सुनिश्चितता रहने छैन। कार्यको आवश्यकता, स्वीकृत कार्यक्रम, उपलब्ध बजेट तथा प्रचलित कानून/कार्यविधिबमोजिम रोष्टरमा रहेका विज्ञमध्येबाट आवश्यकता अनुसार विज्ञ परिचालन गरिनेछ।

कार्यकारी निर्देशक

CamScanner